आज मिति २०७६।०५।०८ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको निम्न उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| क्र.स. | पदाधिकारीको नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमी न.पा १ | |
| २ | मिरा थारु | नगर उपप्रमुख | बुद्धभूमी न.पा २ | |
| ३ | मेघनाथ पाध्या | प्रमुख प्र.अधिकृत | बुद्धभूमी न.पा | |
| ४ | तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा १ | |
| ५ | भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा २ | |
| ६ | गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा ३ | |
| ७ | पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा ४ | |
| ८ | वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा ५ | |
| ९ | नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा ६ | |
| १० | राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा ७ | |
| ११ | कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा ८ | |
| १२ | खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा ९ | |
| १३ | त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा १० | |
| १४ | कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा १ | |
| १५ | खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा ४ | |
| १६ | प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा ७ | |
| १७ | विमलादेवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा ८ | |
| १८ | सरस्वती कवँर | महिला सदस्य | बुद्धभूमी न.पा ५ | |
| १९ | फागु प्रसाद धोवी | दलित सदस्य | बुद्धभूमी न.पा ५ | |
| २० | राम मनोरथ लोहार | दलित सदस्य | बुद्धभूमी न.पा ६ | |
| २१ | रामदेव पासी | दलित सदस्य | बुद्धभूमी न.पा २ | |

Scanned by CamScanner

# मिति: २०७६।०५।०८ गतेको बुद्धभूमी नगरकार्यपालिकाको निर्णयहरु

२०७६

**प्रस्ताव नं. १ : बालविवाह मुक्त तथा पूर्णखोप नगर घोषणा सम्वन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिका अन्तरगतका सर्म्पूण वडाहरूमा तोकिएको मापदण्ड पुरा गरी विभिन्न मितिमा पूर्ण खोप तथा बालविवाह मुक्त वडाहरू घोषणा कार्य सम्पन्न भएको हुँदा नगरपालिका घोषणाको लागि आवश्यक विधि प्रक्रिया पुरा गरी जिल्ला समन्वय समिति कपिलवस्तुबाट समेत अनुगमन कार्य सम्पन्न भएको हुँदा यस बुद्धभूमि नगरपालिलाई पूर्ण खोप साथै बालविवाह मुक्त नगर घोषणाको कार्यक्रम मिति २०७६।०५।१० गते सम्पन्न गर्नको लागि प्रमुख अतिथिको लागि संघीय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री माननीय डा. सुरेन्द्र यादव ज्यूलाई निमन्त्रणा गरी अनुरोध गर्ने साथै उक्त कार्यक्रम सम्पन्न गर्नको लागि आवश्यक पर्ने बजेट विनियोजन गरिएको शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: सम्पत्ति विवरण र स्थायी लेखा नम्वर (पाना नंम्वर) सम्वन्धमा ।**

**निर्णय :** सम्पत्ति विवरण र स्थायी लेखा नम्बर (पाना नम्बर) सम्बन्धमा यस बुद्धभूमी नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि ज्यूहरूको आ.व. २०७५/०७६ को सम्पत्ति विवरण फाराम साथै आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर प्राप्त गरी यही २०७६ भाद्र २५ गते भित्र यस कार्यालयमा आइपुग्ने गरी बुझाउनको लागि सबै वडा कार्यालय मार्फत जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : आ.व. २०७५/०७६ मा भएको कार्यको नगरस्तरीय प्रगति समिक्षा सम्वन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिको आ.व. २०७५।०७६ को स्वीकृत योजना तथा कार्यक्रमहरू सम्पन्न भएको हुँदा सोको नगरस्तरीय प्रगति समीक्षा कार्यक्रम यही २०७६ भाद्र २७ गते गर्ने निर्णय गरियो ।

**प्रस्तावन नं. ४ : आ.व. २०७५/०७६ को यथार्थ आय व्यय विवरण जानकारी गराउने सम्वन्धमा ।**

**निर्णय :** आ.व. २०७५/०७६ विनियोजित शिर्षकगत आय तथा व्यय विवरण प्रतिवेदन लेखा शाखा मार्फत कार्यपालिकामा उलब्ध गराई जानकारी गराइयो ।

**प्रस्ताव नं. ५ : खोला नाला ठेक्का र हाट बजार ठेक्का व्यवस्थापन सम्वन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिका अन्तर्गत पर्ने नदीहरूबाट निकासी हुने नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो) को ठेक्का बन्दोबस्त गर्नको लागि गत बर्षमा (IEE) भैसकेको नदीहरूको टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै इमिलिया हाट बजारको ठेक्का स्वीकृत भएको चंघाटिनी देवीमाई सप्लार्यसले ठेक्का अंकको मु.अ. कर र अग्रिम आय कर दाखिला गरी रू. १,३०,०००।- यस कार्यालयको सञ्चित कोष खातामा (चंघाटेनी माई देवी सप्लार्यस) युवराज कुर्मिबाट बैंक दाखिला गरेको र ठेक्का सम्झौता नभएको बखत कार्यालयले उक्त

गोपीनाथ आचार्य
प्रमुख प्रशासकिय अधिकृत
(सचिव)

... कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

हाट बजारको उठाएको रकम समेत भाद्र मसान्त भित्र निजले आवश्यक कागजात सहित सम्झौता गर्न आएमा कार्यालयले उठाएको रकम सहित ठेक्कामा मिलान गर्ने गरी सम्झौता गर्ने अन्यथा ठेक्का व्यवस्थापनको अन्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ६ : नगर शिक्षा समिति गठन सम्वन्धमा।**

**निर्णय :** शिक्षा ऐन २०२८ (आठौं संशोधन) को दफा ११६ उपदफा ११ ट बमोजिम नगरपालिका क्षेत्रभित्र संचालन हुने विद्यालयहरूको व्यवस्थापन रेखदेख र समन्वय गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो।

**नगर शिक्षा समिति:**

१. अध्यक्ष (नगरप्रमुख) बुद्धभूमी नगरपालिका

२. शिक्षा ऐन २०२८ (आठौं संशोधन) को दफा ११६ र ११ ट को ख बमोजिम नगर कार्यपालिका सदस्यहरू मध्येबाट एक जना महिला सहित २ जना सदस्य पदका लागि निम्न सदस्य चयन गर्ने निर्णय गरियो।

क) श्री कपिलदेव तिवारी — वडा अध्यक्ष

ख) श्री कमला चौधरी — महिला कार्यपालिका सदस्य

शिक्षा ऐन २०२८ (आठौं संशोधन) को दफा ११६ उपदफा ११ ट को (ङ) अनुसार यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ.हरू मध्येबाट कार्यपालिकाबाट मनोनित मध्ये एक जना महिला सहित २ जना।

ग) सदस्य श्री राम प्रसाद अर्याल — प्र.अ. श्री गौतम बुद्ध मा.वि. गोरूसिगें

घ) सदस्य श्री श्वेता गिरी — प्र.अ. (महिला) रेसिडेन्सियल इ. बोडिङ्ग स्कुल, गोरूसिगें

उक्त गठन भएको नगर शिक्षा समितिले बैठक बसी ऐन, नियमावलीको परिधिमा रही आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार सम्बन्धि कार्यविधि बनाइने निर्णय गरियो।

**प्रस्ताव नं. ७ : बहुउद्देशिय सभाहल र खेल मैदानको काम सम्पन्न गर्न बजेट माग गर्ने सम्वन्धमा।**

**निर्णय :** आ.व. २०७५/०७६ मा ५ नं. प्रदेश सरकारबाट शर्सत अनुदानबाट बहुउद्देश्यीय सभाहल र खेलमैदानको लागि विनियोजन भई सोही बमोजिम नगरपालिकाबाट योजना सम्झौता काम गर्दै जाँदा समय अभावका कारण उक्त बजेट पुरै खर्च हुन नसकि रकम फिर्ता भएको र उक्त दुवै योजनाहरू अधुरो रहन गएको हुँदा प्राविधिक ल.ई. बमोजिम सम्पन्न गर्न लाग्ने रकम ५ नं. प्रदेश सरकार बाट माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८ : इमर्जेन्सी सेल्टर निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिका अन्तरगत वडा नं. १० को मलवा गाउँको पूर्व तर्फ साविक धनकौली ३ ख कि.नं. २३७ मध्ये दक्षिण तर्फ ०-८-० (आठ कठ्ठा) जग्गामा उपलब्ध गराई इमर्जेन्सी सेल्टर निर्माणको लागि संघीय आयोजना कार्यान्वयन इकाई शहरी विकास तथा भवन डिभिजन कार्यालय भैरहवाको लागि सिफारिस गरी पठाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

**प्रस्ताव नं. ९ : स्वास्थ्य चौकी भवनको लागि जगा व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिका वडा नं. १० साविक धनकौली ३ ख कि.नं. २३७ मध्ये ०-१०-० (दश कठ्ठा) जग्गा उपलब्ध गराई उक्त जग्गामा स्वास्थ्य चौकी भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन गरी दिनुहुनको लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : रक्तदान कार्यक्रमको लागि आर्थिक सहायता माग सम्वन्धि निवेदन सम्वन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिका अन्तरगत कुनै पनि वडा कार्यालय वा संघसंस्थाहरूको आयोजनामा रक्तदान शिविर कार्यक्रम सञ्चालनको लागि नगरपालिकामा सहयोग माग भै आएमा रक्तदान कार्यक्रम शिर्षकबाट प्रति कार्यक्रम रू. २०,०००।०० (बीस हजार) मा नबढाई आवश्यक कागजात पु-याई नगर प्रमुखको सिफारिसमा रकम उपलब्ध गराउने निर्णय गरियो । साथै यही २०७६ श्रावण, भाद्र महिनामा रक्तदान कार्यक्रम सम्पन्न गरिसकेका तपसिलका संघसंस्थाहरूलाई सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

१. रोट्रयाक्ट क्लब, बुद्धभूमि न.पा. वडा नं. ९, इमिलिया रू. २०,०००।००

२. श्री आधारभुत ग्रामिण विकास सेवा, बुद्धभूमि न.पा. -३, रनगाई रु. २०,०००।००

**प्रस्ताव नं. ११ : नदीजन्य पदार्थ उत्खनन, घाटगद्दी र निकासी कार्ययोजना स्वीकृत सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिका अन्तरगत पर्ने नदी, खोला/नालाहरूको गत आ.व. २०७५/०७६ मा (IEE) गरी स्वीकृत भई सकेको हुँदा उक्त नदी खोला/नालाहरूको बार्षिक कार्ययोजना स्वीकृत गरी जिल्ला समन्वय समिति कपिलवस्तुमा पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

बुद्धभूमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुडढी, कपिलवस्तु
५. नं. प्रदेश नेपाल

४

## नदीजन्य पदार्थको निकासी तथा ठेक्का व्यवस्थापनको कार्ययोजना (आ.व. ०७६/७७)

| क्र.स. | खोला | नदीजन्य सामाग्री निकाल्न सकिने क्षेत्र | निकाल्न सकिने बार्षिक परिमाण (घ.मि.) | जम्मा ट्राली | अनुमानित बार्षिक आम्दानी | नदीजन्य पदार्थ संकलनको विधि | घाटगद्दीको लागि आवश्यक क्षेत्रफल | घाटगद्दी हुनसक्ने (दैनिक ट्रालि कम्तिमा) | घाटगद्दी गर्न लाग्न सक्ने दिन | घाटगद्दी गरिएको नदीजन्य पदार्थको बिक्रीको लागि अनुगमन तथा व्यवस्थापन समितिबाट स्वीकृती |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वाणगंगा खोला | कटनहवाघाट क्षेत्र | ३३० | ११६ | ६९८७४ | संकलनको लागि हाते औजारको प्रयोग र दुवानीको लागि ट्याक्टर ट्रकको प्रयोग | २ कठ्ठा | २० | ६ | मंसिर/पौष, फागुन, बैशाख |
| | | मलवाघाट देखि रामघाट रामजानकी मन्दिर पश्चिम सम्म | ३९६० | १३९७ | ८३८४९० | | ८ कठ्ठा | ५० | २८ | मंसिर/पौष, फागुन, बैशाख |
| | | तिलौरीघाट क्षेत्र | ६६० | २३२ | १३९७४८ | | ३ कठ्ठा | २० | १२ | मंसिर/पौष, फागुन, बैशाख |
| | | खारखानी क्षेत्र | ४९५ | १७४ | १०४८११ | | २.५ कठ्ठा | २० | ९ | मंसिर/पौष, फागुन, बैशाख |
| | | जम्मा | ५४४५ | १९१९ | ११५२९२३ | | | | | मंसिर/पौष, फागुन, बैशाख |
| २ | झिगवा खोला | बुद्धभूमी नगरपलिका वडा नं. ३ बोक्तापुर गाउँको चमरटोल देखि उत्तरमा अर्घाखाँचीको सिमाना बनसट्ठी सम्म (शितगंगा नगरपालिका वडा नं. ११) | १९९६५ | ७०४३ | ४२२७३८९ | | २२ कठ्ठा | १०० | ७० | मंसिर/पौष, फागुन, बैशाख |
| ३ | वेल गुडरू खोला | ठाकुरापुर मगुरघाट देखि दक्षिणी पजनी हुँदै चरिगावा सम्म | ६२७० | २२१२ | १३२७६१० | | ११ कठ्ठा | १०० | २२ | मंसिर/पौष, फागुन, बैशाख |
| ४ | कुन्द्रा खोला | बुद्धभूमी नगरपालिका वडा नं. १ टिक्करबाट कुन्द्रा जाने सडक देखि उत्तरमा अर्घाखाँचीको सिमाना पत्थरकोटबाट कुन्द्रा जाने सडक सम्म | १५६७५ | ५५३० | ३३१९०२५ | | १६ कठ्ठा | १०० | ५५ | मंसिर/पौष, फागुन, बैशाख |
| ५ | अगिया खोला | बुद्धभूमी नगरपालिका वडा नं. ९ जमुनीटिहा देखि उत्तरमा अर्घाखाँचीको सिमाना रातो पहरा सम्म (शितगंगा नगरपालिका वडा नं. ११) | २६४०० | ९३१३ | ५५८९९३६ | | २६ कठ्ठा | १३० | ७२ | मंसिर/पौष, फागुन, बैशाख |
| | | जम्मा | ७९२०० | २७९३६ | | | | | | |
| १ | गुडरूङ खोला | चंघाट नाका वडा नं. १ | असोज देखि मंसिर सम्ममा IEE गर्ने | | | | | | | |
| | | रनगाई नाका वडा नं. ३ | असोज देखि मंसिर सम्ममा IEE गर्ने | | | | | | | |
| २ | घोघदा खोला | वडा नं. ३ | असोज देखि मंसिर सम्ममा IEE गर्ने | | | | | | | |
| ३ | कुचिया खोला | वडा नं. ३ | असोज देखि मंसिर सम्ममा IEE गर्ने | | | | | | | |

| खोला | संकलन गर्न लाग्ने समय (अनुमानित) मंसिर १ | मंसिर २ | मंसिर ३ | मंसिर ४ | पुष १ | पुष २ | पुष ३ | पुष ४ | घाटगद्दीबाट नदीजन्य सामाग्री बिक्री | संकलन गर्न लाग्ने समय (अनुमानित) माघ १ | माघ २ | माघ ३ | माघ ४ | फागुन १ | फागुन २ | फागुन ३ | फागुन ४ | घाटगद्दीबाट नदीजन्य सामाग्री बिक्री | संकलन गर्न लाग्ने समय (अनुमानित) चैत्र १ | चैत्र २ | चैत्र ३ | चैत्र ४ | बैशाख १ | बैशाख २ | बैशाख ३ | बैशाख ४ | घाटगद्दीबाट नदीजन्य सामाग्री बिक्री | न.पा. अनुगमन पुष | माघ | फागुन | चैत्र | बैशाख |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वाणगंगा खोला | | | | | | | | | पुष मसान्त सम्म | | | | | | | | | फाल्गुण मसान्त सम्म | | | | | | | | | जेठ मसान्त सम्म | | | | | |
| झिगवा खोला | | | | | | | | | पुष मसान्त सम्म | | | | | | | | | फाल्गुण मसान्त सम्म | | | | | | | | | जेठ मसान्त सम्म | | | | | |
| वेल गुडरू खोला | | | | | | | | | पुष मसान्त सम्म | | | | | | | | | फाल्गुण मसान्त सम्म | | | | | | | | | जेठ मसान्त सम्म | | | | | |
| कुन्द्रा खोला | | | | | | | | | पुष मसान्त सम्म | | | | | | | | | फाल्गुण मसान्त सम्म | | | | | | | | | जेठ मसान्त सम्म | | | | | |
| अगिया खोला | | | | | | | | | पुष मसान्त सम्म | | | | | | | | | फाल्गुण मसान्त सम्म | | | | | | | | | जेठ मसान्त सम्म | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. १२ : नदिजन्य तथा खोला नालाको आय ठेक्काको न्यूनतम अंक निर्धारण सम्बन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिका अन्तर्गत पर्ने नदीहरूबाट निकासी हुने नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो) को ठेक्का बन्दोबस्त गर्नको लागि गत बर्षमा (IEE) भैसकेको नदीहरूको टेण्डर प्रक्रिया अगाडि बढाउनको लागि गत बर्षको न्यूनतम अंकमा तपसिल बमोजिम १० प्रतिशत थप गरी बोलपत्र सूचना विद्युतीय ठेक्का प्रणाली (e-bidding) प्रक्रियाबाट ठेक्काको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि. नं. | खोला/नदीको नाम | ठेक्का नम्बर | आ.व. ०७६/०७७ मा बिक्रीका लागि तोकिएको परिमाण (घ.मी.) मा | आ.व. ०७६/०७७ को लागि तोकिएको न्यूनतम अंक मू.अ.कर बाहेक | आ.व. ०७६/०७७ को लागि तोकिएको न्यूनतम अंक (गत बर्षको न्यूनतम अंकमा १० प्रतिशत थप) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | **वाणगंगा खोला** | | | | | |
| १.१ | कटनहवाघाट क्षेत्र | | ३३० | ६९८७४ | ७६८६१ | ३०००।- |
| १.२ | मलवाघाट देखि रामघाट रामजानकी मन्दिर पश्चिम सम्म | | ३९६० | ८३८४९० | ९२२३३९ | ३०००।- |
| १.३ | तिलौरीघाट क्षेत्र | | ६६० | १३९७४८ | १५३७२३ | ३०००।- |
| १.४ | खारखानी क्षेत्र | | ४९५ | १०४८११ | ११५२९२ | ३०००।- |
| २ | **झिगवा खोला** | | | | | |
| २.१ | बुद्धभूमी नगरपलिका वडा नं. ३ बोक्तापुर गाउँको चमरटोल देखि उत्तरमा अर्घाखाँचीको सिमाना बनसठ्ठी सम्म ९शितगंगा नगरपालिका वडा नं. ११० | | १९,९६५ | ४२२७३८९ | ४६५०१२८ | ३०००।- |
| ३ | **वेल गुंडरू खोला** | | | | | |
| ३.१ | ठाकुरापुर मगुरघाट देखि दक्षिणी पजगै हुँदै चरिगावा सम्म | | ६,२७० | १३२७६१० | १४६०३७१ | ३०००।- |
| ४ | **कुन्द्रा खोला** | | | | | |
| ४.१ | बुद्धभूमी नगरपालिका वडा नं. १ टिक्करबाट कुन्द्रा जाने सडक देखि उत्तरमा अर्घाखाँचीको सिमाना पत्थरकोटबाट कुन्द्रा जाने सडक सम्म | | १५,६७५ | ३३१९०२५ | ३६५०९२८ | ३०००।- |
| ५ | **अगिया खोला** | | | | | |
| ५.१ | बुद्धभूमी नगरपालिका वडा नं. ९ जमुनीटिहा देखि उत्तरमा अर्घाखाँचीको सिमाना रातो पहरा सम्म ९शितगंगा नगरपालिका वडा नं. ११० | | २६,४०० | ५५८९९३६ | ६१४८९३० | ३०००।- |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned by CamScanner

**प्रस्ताव नं. १३: विविध ।**

**क) तीज गित प्रतियोगिता संचालनको लागि रेडियो मेरो साथी ९२.२ मेगाहर्जको प्रस्ताव सम्वन्धमा ।**

**निर्णयः** तीज गित प्रतियोगिता संचालनको लागि रेडियो मेरो साथी ९२.२ मेगाहर्जले प्रस्ताव पेश गरेको सम्वन्धमा छलफल हुदा आ.व. २०७६/०७७ को महिला लक्षित कार्यक्रम २.६.२ (४) तीजगीत कार्यक्रम मध्येबाट रु. २५,०००।०० उक्त कार्यक्रम संचालन गर्नको लागि सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**ख) बुद्धभूमी न.पा. वडा नं. ७ का महिला दिदीबहिनीहरूको तीज विशेष कार्यक्रम सञ्चालनको लागि रकम माग सम्बन्धमा ।**

**निर्णयः** यस बुद्धभूमी नगरपालिका वडा नं. ७ का महिला दिदीबहिनीहरूले तीज विशेष कार्यक्रम सञ्चालन गर्नको लागि सहयोग माग गरेकोमा उक्त कार्यक्रम सञ्चालनको लागि महिला लक्षित कार्यक्रम २.६.२ (४) तीजगीत कार्यक्रम मध्येबाट रू. १५,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

**ग) आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिका वडा नं. १ को कार्यालयबाट सिफारिस भै आए बमोजिम उक्त वडा नं. १ बीरपुर निवासी रूद्र बहादुर थापाको आर्थिक अवस्था कमजोर भएकोले निजलाई रू. १०,०००।०० (दश हजार) मात्र आर्थिक सहयोग शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

[illegible]
प्रमुख प्रशासकीय अधिकृत
नगरपालिका

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner